टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# बाँसगढी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

**लुम्बिनी प्रदेश, नेपाल**

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र फाराम

ठेक्काको नामः नदिजन्य पदार्थ उत्खनन गरी बक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान

ठेक्का नं. : **BM/NCB/2077/078 -11**

बाँसगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
## लुम्बिनी प्रदेश,नेपाल

टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

### नदिजन्य पदार्थ उत्खनन गरी बक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०९/०७ गते)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेत मा भएको व्यवस्था अनुसार डुंडुवा खोलाको आ.व. २०७७/०७८ मा भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, र यस नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजस्व अशुली सम्बन्धी काम आ.व. २०७७/०७८ मा वोलकवोल बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म, व्यक्ति वा संस्थाहरुले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि सार्वजनीक खरीद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मा बोलपत्र पेश गर्नहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| सि.नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम ठेक्का रकम (मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | **BM/NCB/2 077/078 -11** | Extraction Of Natural River Bed materials From Dunduwaa River. | ४,१७,०४९.०० | २५,०२,२९४.०० | कवोल अङ्कको ५% | ३००० |

**निर्माण सामाग्री उत्खनन र घाटगद्दी:**

सम्बन्धित निकायको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार प्रतिवेदनमा सिफारिश भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाण मा ढुंगा, गिट्टी, मोरङ र बालुवा उत्खनन र तपसिलको स्थानमा घाटगद्वी गरि बिक्रि वितरण गर्नुपर्नेछ।

| सि. न | नदीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाम | उत्खनन परिमाण<br>बालुवा, ग्राभेल/मोरङ्ग, गिट्टि, ढुंगा (क्यू.फि.) | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|
| १. | मदाहा नाका | ३०९७८७.२९ | सम्वन्धित नदी |
| २. | मुक्तकमैया/भगरा नाका | १०७२६१.७१ | सम्वन्धित नदी |
| | जम्मा न्यूनतम परीमाण | ४,१७,०४९.०० | सम्वन्धित नदी |

**नदीजन्य पदार्थहरु उत्खनन्, घाटगद्दी र विक्रीवितरण गर्ने शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत एन.आई.सी. एसिया वैंक, बाँसगढी शाखा, बर्दियामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता हि.नं. ०९७२०५७४९९४२६००२ मा नगद जम्मा गरेको नगद भौचरका साथ

सम्पूर्ण कागजातहरुका प्रतिलिपि Scan गरी तोकिएको ठाउँमा यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३०औं दिनको (मितिः २०७७/१०/०७) कार्यालय समयभित्र बोलपत्र फाराम download तथा खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatra.gov.np/egp** बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. बोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंक, बाँसगढी शाखा, बर्दियामा रहेको धरौटी खाता ०९७२०५७४९९४२६०१३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७७/१०/०८) दिनको १२.०० बजे भित्र **electronically मात्र** दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको (२०७७/१०/०८) २:०० वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

६. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि सोही निर्धारित स्थलवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्ने।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशत ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल श्रावणमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

११. यसनगरपालिकाका नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, प्रदेश आर्थिक ऐन २०७५ (प्रदेश नं. ५), नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

१२. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१३. नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रिवितरण कार्य चुरे, मध्यवर्तिक्षेत्र, राष्ट्रिय निकुन्ज र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन् ।

१४. अस्थायी ठेक्का चलनपूर्जी दिइने छैन । सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । समयमा सम्झौता नगरी ठेक्का चलनपूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन ।

१५. कर, दस्तुर, शूल्क आदि तोकिएको संकलन केन्द्रमा मात्र उठाउनुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

१६. कर, दस्तुर, शूल्कको दर लगायत अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शूल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१७. शूल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१८. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवापत्र प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार, बाँसगढी नगरपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तब्य हुनेछ । निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिस्वरुप कुनै पनि रकम वाँसगढी नगरपालिका सँग दावी गर्न पाईने छैन ।

१९. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ र बाँसगढी नगरपालिका, बाँसगढी, बर्दियाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, सङ्कलन तथा घटगद्दी सम्बन्धी नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि - २०७७ अनुसार हुनेछ ।

२०. नगर सभा र नगर कार्यपालिकाका निर्णयहरु र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

२१. ठेक्काको कर असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

२२. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा वाँसगढी नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. गत विगतमा ठेकेदारले वाँसगढी नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाई बांकी रहेकोमा वा अन्य कुनै दायित्व वांकी रहेमा निजको वोलपत्र स्वीकृत गर्न वाँसगढी नगरपालिका बाध्य हुनेछैन ।

२४. वाँसगढी नगरपालिकाले निर्देशन दिई शूल्क नलिने भनी पत्र लेखेको खण्डमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम वाँसगढी नगरपालिकाबाट माग गर्न पाउनेछैन ।

२५. तोकिएको म्याद भित्र ठेकेदारले वाँसगढी नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा वाँसगढी नगरपालिकाले ठेक्का तोडन सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बांकी किस्ता रकमको १०% का दरले ब्याज समेत ठेकेदारबाट वाँसगढी नगरपालिकाले असुल गर्नेछ ।

२६. बाँसगढी नगरपालिकाले कर असूल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को पालिकाबाट कर लगाउन पाइनेछैन ।

२७. नेपाल सरकारको निर्णय, प्रदेश सरकार, वाँसगढी नगरपालिका र नगर सभाबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संसोधन वमोजिम ठेकेदारले कार्यान्वयन गर्नु पर्नेछ ।

२८. सूचना वा यस वोलपत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा बाँसगढी नगरपालिकाको निर्णयानुसार हुनेछ ।

२९. ठेक्काको संकलन केन्द्र निम्नअनुसार स्थानमा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा वाँसगढी नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्न पाईनेछ ।

**संकलन केन्द्र राख्ने स्थान**

| सि.नं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, मोरङ, बालुवा आदिको बिकी तथा निकासी कर संकलन केन्द्र | (१) मदाहा (२) भगरा | राजमार्ग र सहायक राजमार्गमा तगारो राख्न पाईने छैन |

२९. आ.व. २०७७/०७८ को लागि निम्नानुसारको नदिजन्य सामाग्रीमा प्रति घन फिट विकी दरमा मु.अ.कर वापत १३ प्रतिशत थप गरी निम्नअनुसार बिकी तथा निकासी कर संकलन गर्न पाइनेछ। साथै तोकिएको अवधीभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन वा निकासी गर्न रोक लगाईने छ। परिमाण पछि थप घट भएमा वा सो सम्बन्धी अन्य कुनै ब्यवस्था भएमा सोही अनुसार हुनेछ। साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुने छैन।

| नदीजन्यपदार्थ | रोयल्टी (क्यू.फि.) रु. | वातावरणीय शुल्क रु. | जम्मा रु. | मु.आ.कर रकम (१३प्रतिशत) रु. | कुलजम्मा रु. |
|---|---|---|---|---|---|
| ढुंगा गिट्टी | ६.०० | ० | ६.० | ०.७८ | ६.७८ |
| ग्राभेल,मोरङ | ६.०० | ० | ६.० | ०.७८ | ६.७८ |
| वालुवा,मिक्स वालुवा | ६०० | ० | ६.० | ०.७८ | ६.७८ |

३०. ठेकेदारले नदीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन विहान ८:०० वजे देखि वेलुका ६:०० वजे सम्म मात्र गर्न सक्नेछ तर यसरी गरिने सम्पूर्ण उत्खनन परिमाणहरु सम्बन्धित रेन्जपोष्टबाट जाँचपास दरपिट गराई लैजानु पर्नेछ। नदीबाट निर्माण सामग्री संकलन वा निकासी गर्दा प्रयोग गरिने साधनहरु जथाभावी प्रयोग नगरी नदीबाटै ढुवानी गर्नु पर्नेछ।

३१. निर्माण सामग्रीहरु उत्खनन र संकलन तथा विकि गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

३२. नदीबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी बाँसगढी नगरपालिकामा बुझाउनु पर्नेछ।

३३. नदीबाट निर्माण सामग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्वाही हुनेछ।

३४. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन बाँसगढी नगरपालिकाको कार्यालयबाट हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन।

३५. नदीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नुपर्नेछ।

३६. निर्माण सामाग्री उत्खनन गरी घाटगद्धी वा निकासा गर्दा यस पालिकाकै क्षेत्र भित्र वा क्षेत्रबाट मात्रै अन्य पालिकाहरुलाई असर नपर्ने गरी गर्नुपर्नेछ। निर्माण सामग्रीहरु उत्खनन गर्न नदीसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्ने छ। सो वापत लागेको खर्च बाँसगढी नगरपालिकामा दावी गर्न पाइनेछैन।

३७. नदीबाट निर्माण सामग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा नदी नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ।

३८. पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन गर्न पाइनेछैन।

३९. मुख्य मार्गबाट वोल्डर, ग्राभेल वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने वाटो निर्माणको कार्य गर्दा निजी जगगामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नु पर्नेछ।

४०. बाँसगढी नगरपालिकाबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन र बाँसगढी नगरपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन। यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुंदा वा अन्य कतैबाट भएको उजुरीउपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ।

४१. यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलनपुर्जी जारी गरिएपछि कुनै किसिमको मिन्हा माफी हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेकका रोक्का वा वदर गर्ने निर्णय भएमा बांकी अवधिको दामासाहिले हुने

रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा राजश्व परामर्श समितिको सिफारिशमा नगर सभाको निर्णयानुसार मिन्हा माफी दिन सकिने छ ।

४२. ठेक्का सम्झौता भएको मितिको भोलिपल्टदेखि २०७८ जेष्ठ मसान्तसम्म विहान ८:०० वजे देखि वेलुका ६:०० वजे सम्म मात्र उत्खनन एवं सङ्कलन समय अवधि हुनेछ तर जिल्ला अनुगमन तथा समन्वय समितिले उपयुक्त ठहरायमा चालु वर्षको ठेक्कामा वढावढ वाट कायम भएको दरमा सम्वन्धित ठेकेदार मार्फत वा अन्य तरिकावाट प्रारम्भिक वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भए वमोजिम तोकियका २ वटा घाटहरु मध्येवाट मात्र उत्खनन् हुने गरी २०७७ साल असार २० सम्मको लागि उत्खनन्को समयावधि थप गर्न सकिनेछ ।

४३. ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्धि कर रकम उठाउन पाउनेछ ।

४४. ढुंगा, गिट्टी, बालुवाको उत्खनन⁄ सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन तर विशेष परिस्थितिको सन्दर्भमा नदीजन्य पदार्थ बाँसगढी नगरपालिका, जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय वमोजिम हुनेछ ।

४५. चालु आर्थिक वर्षको तोकिएको अवधीभित्र उत्खनन गरेको निर्माण सामाग्रीहरु २०७७ जेठ मसान्त सम्म विक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै कार्यविधिमा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामाग्रिलाई मौज्दात मानिने छैन ।

४६. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदिको धार वदलिने गरी उत्खनन गर्न पाइनेछैन ।

४७. निर्माण सामाग्री उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी⁄कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा विक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

४८. ठेकेदारका कर्मचारी तथा कामदरहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ ।

४९. यस सूचना वमोजिम हुने ठेक्का सम्झौताको अवधी सम्झौताको शर्तहरुमा तोकिए वमोजिम हुनेछ ।

५०. स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ ।

५१. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वाँसगढी, बर्दियाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, सङ्कलन तथा घाटगद्दी सम्बन्धी नदीजन्य पदार्थ व्यवस्थापन कार्य विधि - २०७५ (प्रदेश सरकार, प्रदेश नं. ५) नगर सभाका निर्णयहरु र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ।
बाँसगढी नगरपालिका
बाँसगढी, बर्दिया ।

टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**विषय : बोलपत्र पेश गरेको ।**

**महोदय,**

सेवामा निवेदन यो छ की यस बाँसगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाँसगढी, बर्दियाको क्षेत्र भित्र रहेको ढुंगा, गिट्टी, वालुवा, मोरङ, ग्राभेल आदिको बिक्री तथा निकासीमा कर संकलन गर्न आ.ब. २०७७/०७८ को लागि ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान गरी यस बाँसगढी नगरपालिकाको कार्यालयको मिति ... ... ... ... ... गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु. ... ... ... ... ... ........ अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... ...................... ... ... ... ... ... मा ठेक्का लिने मन्जुरी भएकोले धरौटी वापत रु... ... ... ... ... ... ........... को बैक भौचर यसै साथ संलग्न राखी वोलपत्र दाखिला गरेको छु ।

**तपसिल**

| सि.नं. | ठेक्काको नाम | कबोल अङ्क (मू.अ. कर वाहेक) | अक्षेरुपी | कबोल रकम | कैफियत |
|---|---|---|---|---|---|
| १) | Extraction Of Natural River Bed materials From Dunduwaa River. | | | | |
| | | | जम्मा रकम | | |
| | | | मू.अ. कर १३% | | |
| | | | कुल जम्मा रकम | | |

कुल जम्मा रकम अक्षेरुपी ......................................................................................

**निवेदक**

नाम :-

ठेगाना :-

फर्म :-

दस्तखत :-

मिति :-

टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## Bid Security (Bank Guarantee)

Whereas, *[name of Bidder]* (hereinafter called "the Bidder") has submitted his bid dated *[date]* for the construction of *[name of Contract]* (hereinafter called "the bid").

Know all people by these presents that We *[name of Bank]* of *[name of country]* having our registered office at *[address]* (hereinafter called "the Bank") are bound unto *[name of Employer]* (hereinafter called "the Employer") in the sum of *[amount]*[1] for which payment well and truly to be made to the said Employer, the Bank binds itself, its successors, and assigns by these presents.

Sealed with the Common Seal of the said Bank this *[day]* day of *[month]*, *[year]*.

The conditions of this obligation are:

(1) If, after bid opening, the Bidder withdraws his bid during the period of bid validity specified in the Form of Bid; or

(2) If the Bidder having been notified of the acceptance of his bid by the Employer during the period of bid validity:

- (a) fails or refuses to execute the Form of Agreement in accordance with the Instructions to Bidders, if required; or
- (b) fails or refuses to furnish the Performance Security, in accordance with the Instruction to Bidders; or
- (c) does not accept the correction of the bid,

we undertake to pay to the Employer up to the above amount upon receipt of his first written demand, without the Employer's having to substantiate his demand, provided that in his demand the Employer will note that the amount claimed by him is due to him owing to the occurrence of one or any of the three conditions, specifying the occurred condition or conditions.

This Guarantee will remain in force up to and including the date *[number]* days[2] after the deadline for submission of bids as such deadline is stated in the Instructions to Bidders or as it may be extended by the Employer, notice of which extension(s) to the Bank is hereby waived. Any demand in respect of this Guarantee should reach the Bank not later than the above date.

Date ________________ Signature of the Bank ________________________________

---

[1] *The Bidder should insert the amount of the Guarantee in words and figures denominated in Nepali Rupees. This figure should be the same as shown in Clause 13 of the Instructions to Bidders.*

[2] *Usually 30 days after the end of the validity period of the bid. The date should be inserted by the Employer before the bidding documents are issued.*

Witness ______________________  Seal ______________________________

*[signature, name, and address]*

## Performance Bank Guarantee

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

टोपेन्द्र बहादुर
प्रमुख प्रशासकीय अधिकृत

To: *[name and address of Employer]*

Whereas *[name and address of contractor]* (hereinafter called "the contractor") has undertaken, in pursuance of Contract No. *[number]* dated *[date]* to execute *[name of Contract and brief description of Works]* (hereinafter called "the Contract");

And whereas it has been stipulated by you in the said Contract that the contractor shall furnish you with a Bank Guarantee by a recognized bank for the sum specified therein as security for compliance with his obligations in accordance with the Contract;

And whereas we have agreed to give the contractor such a Bank Guarantee;

Now therefore we hereby affirm that we are the Guarantor and responsible to you, on behalf of the contractor, up to a total of *[amount of Guarantee] [amount in words]*[3] such sum being payable in the types and proportions of currencies in which the Contract Price is payable, and we undertake to pay you, upon your first written demand and without cavil or argument, any sum or sums within the limits of *[amount of Guarantee]*[4] as aforesaid without your needing to prove or to show grounds or reasons for your demand for the sum specified therein.

*We hereby waive the necessity of your demanding the said debt from the contractor before presenting us with the demand.*

We further agree that no change or addition to or other modification of the terms of the Contract or of the Works to be performed there under or of any of the Contract documents which may be made between you and the contractor shall in any way release us from any liability under this Guarantee, and we hereby waive notice of any such change, addition, or modification.

This Guarantee shall be valid for at least 30 days beyond the date of issue of Defects Liability Certificate

Signature and seal of the Guarantor ______________________________

Name of Bank ______________________________

Address ______________________________

---

[3] *An amount is to be inserted by the Guarantor, representing the percentage of the Contract Price specified in the Contract, and denominated in Nepalese Rupees.*

[4] *The Unconditional (or "On-Demand") Bank Guarantee has the merit of simplicity and of being universally known and accepted by commercial banks. The contracting community, however, strongly objects to this type of Security because the Guarantee can be called (or threatened to be called) by Employers without justification. Employers should recognize the contractual conditions governing non performance by the Contractor and should normally act only on the advice of the Project Manager in calling a Performance Guarantee.*